प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

**(शैक्षिक योजना तथा अनुसन्धान महाशाखा)**

कोशी प्रदेश, विराटनगर,नेपाल

## सूचना नं. १५ /०८०-०८१

## सामुदायिक पुस्तकालयहरूको सुदृढीकरण अनुदानका लागि प्रस्ताव पेश गर्नेसम्बन्धी सूचना

यस मन्त्रालयको आर्थिक वर्ष २०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार प्रदेशभित्र स्थापना भई सञ्चालनमा रहेका **सामुदायिक पुस्तकालयहरूको सुदृढीकरण अनुदानका लागि** सामुदायिक पुस्तकालयहरूले मिति २०८०/१२/१५ गतेभित्र यस मन्त्रालयमा तपसिलबमोजिमका कागजात सहित कार्यक्रम प्रस्ताव पेश गर्नुहुन आह्वान गरिएको छ ।

१. कार्यक्रमसम्बन्धी विवरणः-

(क) कार्यक्रमको नामः **प्रदेशभित्र स्थापना भई सञ्चालनमा रहेका सामुदायिक पुस्तकालयहरूको सुदृढीकरण अनुदान**

(ख) प्रस्ताव पेश गर्न सक्ने निकाय : कोशी प्रदेशभित्र स्थापना भई सञ्चालनमा रहेका सामुदायिक पुस्तकालयहरू ।

२. प्रस्तावदाताले कार्यक्रम प्रस्ताव गर्दा पेश गर्नुपर्ने कागजातहरू :-

(क) प्रचलित कानूनबमोजिमको संस्था दर्ता प्रमाणपत्र, नवीकरण भएको प्रमाणपत्र, स्थायी लेखा नम्बर (PAN) प्रमाणपत्र तथा करचुक्ता प्रमाणपत्रका प्रतिलिपीहरु,

(ख) आर्थिक वर्ष २०७९/०८० को लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपीहरु

(ग) संस्थाको विधानको प्रतिलिपीको प्रतिलिपीहरु

(घ) कार्यसमितिले कार्यक्रमका लागि अनुदान माग गरेको निर्णयको प्रतिलिपी,

(ङ) स्थानीयतह वा वडाको सिफारीस पत्र,

(च) सामाजिक विकास मन्त्रालयमा संस्था दर्ता वा सूचीकृत भएको प्रमाण/पत्रको प्रतिलिपी,

३. अनुदान सहयोगको रकम मन्त्रालयले निर्णय गरेबमोजिम हुनेछ ।

४. संलग्न कागजातहरूको सिलसिलेवार पञ्जिका बनाई पेश गर्नुपर्नेछ ।

५. स्वीकृत प्रस्तावहरूको जानकारी मन्त्रालयको वेबसाइटमा राखिनेछ ।

**नोटः विस्तृत जानकारका लागि सम्पर्क नं. ९८४९०९२३६७**

# <u>कार्यक्रम प्रस्तावको ढाँचा</u>

१. आवरण पृष्ठ (कभर पेज):

(क) कार्यक्रमको नाम : **प्रदेशभित्र स्थापना भई सञ्चालनमा रहेका सामुदायिक पुस्तकालयहरूको सुदृढीकरणका लागि अनुदान कार्यक्रमका लागि प्रस्ताव**

(ख) संस्थाको नाम/ठेगाना :

(ग) संस्थाको दर्ता नं. र दर्ता भएको कार्यालय :

(घ) भ्याट नं. : प्यान (PAN):

(ङ) आर्थिक वर्ष २०८०/०८१

२. विषय सूची

३. खण्ड १ : संस्थाको परिचय

(क) पृष्ठभूमि

(ख) जनशक्ति

(ग) भौतिक अवस्था

(घ) संस्थाको अनुभव

४. खण्ड २ : प्रस्तावित कार्यक्रमको परिचय

(क) प्रस्तावित परियोजना/कार्यक्रमको नाम

(ख) प्रस्तावित परियोजना/कार्यक्रमको संक्षिप्त विवरण

(ग) प्रस्तावित कार्यक्रमको उद्देश्य

(घ) कार्यक्रम सञ्चालन हुने स्थान/ठेगाना

(ङ) प्रस्तावित कार्यक्रम सञ्चालन हुने स्थानमा विद्यमान भौतिक सुविधा/स्थिति

(च) प्रस्तावित कार्यक्रमका लागि अनुदान रकम आवश्यक पर्ने कारण

(छ) प्रस्तावित कार्यक्रम सम्पन्न गर्न लाग्ने समय

(ज) लक्षित समुदाय/समूह

(झ) प्रस्तावित कार्यक्रम गर्न लाग्ने अनुमानित कूल रकम

(ञ) प्रस्तावकले साझेदारी गर्ने रकम

(ट) अन्य निकाय वा संस्थाले साझेदारी गर्ने रकम (भएमा उल्लेख गर्ने)

(ठ) कार्यक्रम सम्पन्न भएपश्चात् हासिल हुने अपेक्षित उपलब्धिहरू

५. खण्ड ३ : कार्यक्रम कार्यान्वयन कार्ययोजना

प्रस्तावकहरूको नाम : संस्थाको नाम :
पद : संस्थाको ठेगाना :
दस्तखत : संस्थाको छाप :
मिति :